# कपिलबस्तु-यू.एम.एन.

## वार्षिक प्रतिवेदन
## २०७६/२०७७



आर्थिक वर्ष २०७६/७७ कपिलबस्तु जिल्लामा यू.एम.एन.को क्लस्टर कार्यालय विधिवत् रूपमा स्थापना गर्न र सञ्चालनमा रहेका परियोजनाहरूलाई सुव्यवस्थित गर्न आवश्यक साधन स्रोतको प्रवन्ध गर्ने महत्वपूर्ण वर्षको रूपमा रह्यो । जिल्लाभित्र नै यू.एम.एन.को उपस्थितिसँगै हाम्रा साझेदार संस्थाहरू सँग अझै नजिकबाट समन्वय गर्न तथा परियोजना र लाभग्राहीहरूसँग समेत स्थलगतरूपमा अवलोकन र हातेमालो गर्दै अपेक्षित उपलब्धी हाँसिल गर्नको लागि अगाडि बढ्न अझै सहज रह्यो ।

यू.एम.एन.को लक्षितवर्गहरू, विशेष गरी महिला, बालबालिका, किशोरकिशोरी, अपाङ्गता भएका व्यक्तिहरू, एकल महिला, दलित, र आर्थिक रूपमा अति विपन्नहरूको जीवनमा प्रशस्तता ल्याउन हाम्रो प्रयासलाई स्वागत गर्दै समन्वय र मार्गनिर्देश गर्नु हुने मायादेवी गाउँपालिका प्रमुख बजरंगी कुर्मी र यशोधरा गाउँपालिका प्रमुख गिरिजेश कुमार पाण्डेय ज्यू, वडा अध्यक्ष ज्यूहरू, र कार्यकारी अधिकृत ज्युहरूप्रति यू.एम.एन. कृतज्ञ छ । साथै परियोजनाको भावनाअनुरुप निर्देशन र व्यवस्थापन गर्नुहुने दलित सामाजिक विकास केन्द्रका अध्यक्ष राम शरण रैदास, सचिव सन्जय कोरी ज्यू तथा सनसाइन सामाजिक विकास केन्द्रका अध्यक्ष तुलसीराम यादव र कार्यकारी निर्देशक कृष्ण श्रेष्ठ ज्यू तथा अहोरात्र खटिने परियोजनाका कर्मचारी साथीहरूप्रति हामी आभारी छौं ।

हाम्रा हरेक प्रयासहरू समुदायको वास्तविक आवश्यकताको धरातलीय यथार्थसँग पक्कै पनि मेल खानुपर्छ । त्यसैले साझेदार संस्थाहरूसँगै हामीले हाम्रा सम्पूर्ण सम्भावित सरोकारवालाहरूसँग बृहत रूपमा छलफल, अवलोकन र अन्तर्वार्ताको माध्यमबाट समुदायको वास्तविक समस्या पहिचान गर्नको निम्ति यू.एम.एन. कपिलबस्तु क्लस्टरको पाँचवर्षीय रणनीतिक योजना तयार गरेका छौं । उक्त रणनीतिक दस्तावेजले यू.एम.एन. कपिलबस्तुले आगामी पाँच वर्षसम्म यशोधरा र मायादेवी गाउँपालिकामा सञ्चालन हुने परियोजनाहरूको निर्माणमा मार्गनिर्देश गर्नेछ । केही समय त विश्वव्यापी महामारीको रूपमा रहेको कोभिड-१९ रोगको कारण हाम्रा सम्पूर्ण कार्यक्रम प्रभावित समेत हुन पुग्यो तर उक्त समयमा कोभिड रेस्पोन्स परियोजनाहरू मार्फत समुदायलाई महामारीको बेलामा सहयोग गर्न पाउँदा हामी हर्षित छौं ।

हामी हाम्रा लक्षितवर्गहरूको जीवनमा सकारात्मक रूपान्तरण ल्याउन प्रयासरत् छौं । हाम्रो यस प्रयासलाई आ-आफ्नो क्षेत्रबाट उल्लेख्य सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूको सद्भावसँगै यशोधरा र मायादेवी गाउँपालिकामा हाम्रो यात्रा जारी छ ।

**रूपकुमार वि.क.**
*कपिलबस्तु टीम लिडर*

# विषयगत क्षेत्रका उपलब्धीहरू

## शान्ति निर्माण:

- CBR परियोजनाले सुनाई तथा बोलाई सम्बन्धी अपाङ्गता भएका ४१ जना व्यक्ति र तिनका परिवारहरूलाई ५ दिने आधार भूत नेपाली साङ्केतिक भाषा सम्बन्धी तालिम प्रदान गरेपछि आफ्नो समूह, समिति तथा परिवारमा समेत आफ्ना विचारहरू निर्धक्कसँग राख्न थालेका छन् ।
- विद्यालयमा पनि समावेशी शिक्षाका आधारमा अध्यापन गरिन थालेपछि अपाङ्गता भएका विद्यार्थीहरूको पढाईमा सुधार आई विद्यालयमा अपाङ्गता बालबालिकाहरू माथी गरिने भेदभाव पनि कम हुन थालेको छ ।
- अपाङ्गता भएका २६ जना व्यक्ति र बालबालिकाहरू भौतिक चिकित्सा तथा उपचारमा सहयोग पाएका छन् जसमध्ये १० जनाको दैनिकी जीवनमा सुधार आई आफनो दैनिकी कियाकलाप गर्न, सामुदायिक कियाकलापहरूमा सहभागी हुन र विद्यालय गई शिक्षा हासिल गर्न सफल भएकाछन् ।
- IPP परियोजना अन्तर्गत ८ वटा महिला समूह र महिला सन्जालहरूले लङ्गैिकता, मेलमिलाप तथा नेतृत्व विकास सम्बन्धी विभिन्न तालिमहरू पाए पश्चात् ७० जना हिन्दू मुस्लिम महिलाहरू संयूक्तरूपमा १० वटा सामाजिक कियाकलापहरू जस्तै समुदाय सरसफाई, घरायसी काममा सहयोग, श्रीमान् तथा श्रीमतीबिच मेलमिलाप गराउने, समुदायमा भएको झैझगडाहरू मिलाउने, कोरोनाले ल्याएको अभावमा एकअर्कालाई सहयोग गर्ने जस्ता कार्यहरू सञ्चालन गर्न सफल भएकाछन् ।

## जीविकोपार्जन:

- SECURE परियोजनाको सहयोग पश्चात कृषि पेशाबाट ११७ घर परिवारले तरकारी बिक्रिबाट औसतमा रु ३२०००, तथा २० घर परिवारले माछा बिक्रिबाट औसतमा रु १४००० आम्दानी गरेकाछन् भने ३३ घर परिवारले गैरकृषि व्यवसाय मार्फत औसतमा रू ६५००० आम्दानी गरेकाछन् । फलस्वरूप यस आर्थिक वर्षमा परियोजनाको कार्यक्षेत्रमा जम्मा लगभग रु.१,०९,६८,००० भित्रिएको छ ।
- मुस्लिम समुदायका महिलाहरू यस SECURE परियोजनाको समूहमा आवद्ध भएर विभिन्न किसिमका क्षमता अभिवृद्धि गर्ने अभिमुखीकरण र तालिम, सामाजिक परिचालकहरूबाट घरदैलो कार्यक्रम र मुस्लिम समुदायका पुरुषहरूसँग भेटघाट पछिसमुहमा आवद्ध भएका करिब ५० प्रतिशत मुस्लिम महिलाहरू स्वस्थ्य चौकी, वडा कार्यालय लगायतबाट आँफैले सार्वजनिक सेवाको उपयोग गर्न थालेकाछन् ।
- समुदायमा जलवायू परिर्वतनको असर कम गर्न १५४ जना किसानहरूले अनुकुलनको कृषि प्रविधिहरू अपनाउँदै सुरक्षित विषादीको प्रयोग, थोपा सिँचाई, सुधारिएको बाखाको खोर तथा गाईगोठ निर्माण, उन्नत बिउबिजनको प्रयोग जस्ता प्रविधिको प्रयोग गरेकाछन् । साथै जलवायू परिर्वतनको कारण बढ्दो खडेरीको प्रभावलाई कम गर्नको लागि सामुदायिक पोखरीहरूको संरक्षणको काम भएको छ ।



## सुशासन:

- हाम्रो पहुँच परियोजना अर्न्तगतका सबै ६४ आत्मनिर्भर समूहका सदस्यहरूले सक्रिय रूपमा समूहमा संलग्न रहीं साप्ताहिक रूपमा नियमित बैठक सञ्चालन गरी आवश्यकता अनुसार समूहको नीति तथा नियमहरू बनाई सबै समूहहरूको हिसाव किताबहरू पनि पारदर्शी तरिकाले व्यवस्थापन गरिरहेकाछन् ।
- महिलाहरूको सामाजिक, आर्थिक र राजनीतिक स्थिति प्रवर्धन गर्न व्यक्तिगत् र समूह लक्ष्यहरू निर्धारण गरी सोको आधारमा योजना बनाई काम गरीरहेको कारण सदस्यहरूमा सामूहिक नेतृत्व गर्ने बानीको विकास हुनुका साथै महिला र बालबालिकाको परिवारमा सम्मान पनि बढेको छ ।
- आत्मनिर्भर समूहका ८५% सदस्यहरूले नियमित रूपमा वचत गर्ने गरेकाछन् भने ३५ समूहले नियमित रूपमा सदस्यहरूलाई औषधी उपचार, तरकारी खेती, किराना पसल, मलखाद, कुखुरा पालन, कस्मेटिक पसल, बाखापालन लगायतमा ऋण परिचालन गरिरहेकाछन् ।
- महिला र बालबालिकाहरूले आफ्नो क्षमता विकास गतिविधिहरू सञ्चालन गर्दै स्थानीय विकास प्रक्रियामा अर्थपूर्ण सहभागिताका लागि पैरवी गरीरहेकाछन् ।

  १. सुशासन परियोजना अर्न्तगत स्थानीय सरकारका पदाधिकारीहरूमा र समुदायमा स्थानीय सरकार सञ्चालन ऐन तथा नियमावलीको बारेमा ज्ञान बढ्नुका साथै आफ्नो भूमिका र जिम्मेवारीका बारेमा स्थानीय सरकारका प्रतिनिधिहरू सचेत भएका र त्यसबाट जनप्रतिनिधिको कामको प्रभावकारितामा बृद्धि भईरहेको छ ।

  २. स्थानीय सरकारले सार्वजनिक सुनुवाइ, सामुदायिक अंकपत्र, सुझावपेटिका जस्ता पारदर्शिताकाका औजारको प्रयोगद्वारा सुशासन कायम गर्दै प्राप्त सुझावहरूको सम्वोधन गरिरहेका छन् ।

  ३. सामुदायिक अंकपत्रद्वारा सार्वजनिक सेवाप्रदायक संस्थाहरूको सेवाको गुणस्तरका आधारमा गाउँपालिकाले प्राप्त सुझावहरूको सम्वोधन समेत गरेको छ ।

  ४. समुदाय तथा स्थानीय सरकारको स्रोतपरिचालन सम्बन्धी नीति तथा नियमावलीमा बुझाइमा राम्रो वृद्धि भईरहेको र समुदाय आफैले प्रस्तावना पेश गरी समुदायको विकासका लागि बजेट प्राप्त गरेका विपन्न समुदायको स्थानीय सरकारको योजना तर्जुमा प्रक्रियामा सक्रिय सहभागितामा वृद्धि भईरहेको र ७५ प्रतिशत प्रस्तावहरू स्वीकार भएको ।

५. समुदायस्तरमा मेलमिलाप केन्द्रबारे जानकारी भईरहेको र सेवा लिईरहेका ।

६. आइडिया परियोजना अर्न्तगत स्थानीयस्तरमा नागरिक अधिकारको प्रवर्धन भएको र व्यक्तिगत् घटना दर्तामा वृद्धि भईरहेको छ ।

७. महिला समूहबाट समुदायस्तरमा रहेका विभिन्न समितिहरूमा जस्तैः उपभोक्ता समूह, विद्यालय व्यवस्थापन र वडा समितिहरूमा सहभागितामा वृद्धि भएकोछ ।

८. स्थानीय सरकारले सार्वजनिक सुनुवाइ, सामुदायिक अंकपत्र, सुझावपेटिका जस्ता पारदशीताका औजारको प्रयोगद्वारा सुशासन कायम गर्दै प्राप्त सुझावहरूको सम्बोधन गरिरहेका छन् ।

९. विपन्न समुदायको सहभागितात्मक योजना तर्जुमा प्रक्रियामा सक्रिय सहभागितामा बृदि भइरहेको ।

१०. स्थानीयस्तरमा सहभागितात्मक योजना तर्जुमाका लागि सहजकर्ता निमार्णले गर्दा योजना प्रक्रियाको बुझाईमा वृद्धि भईरहेको र समुदाय आफैले प्रस्तावना पेश गरी समुदायको विकासका लागि बजेट प्राप्त गरेका छन् । साथै ७५ प्रतिशत प्रस्तावहरू स्वीकार भएको ।

## शिक्षाः

- परिबर्तनका लागि बालबालिका, युवा र समुदाय परियोजनाले कार्यक्षेत्र मायादेबी गाउँपालिकासँगै उक्त पालिकाको बालबालिका तथा युवाहरूको सम्पूर्ण जनगणना गरी आधाररेखा तयार गरेको छ । जसले आगामी दिनमा परियोजनाले निर्धारण गरेको लक्ष्यको प्रगतिको मापनमा सहयोग पुग्नुका साथै हुन्‍ छ ।
- परियोजनाले मायादेवी गाउँपालिकाका ५४ ओटा विद्यालय र मदरसाहरूलाई विद्यालय सुधार योजना निर्माण गर्न नेपाल सरकारद्वारा निर्दिष्ट गरेको ९८ ओटा सुचकाङ्कहरूको आधारमा योजना तयार गर्न सहयोग गरे पश्चात ३२ ओटा विद्यालयहरूले सुधार योजना तयार गरी लागू गरेकाछन् ।
- यस परियोजनाको कार्यक्षेत्रमा रहेका ३३ ओटा सामुदायिक विद्यालयहरूबाट कक्षा ४ र ५ मा अध्ययपन गराउने १७ ओटा विद्यालयका अंग्रेजी र गणित विषयका शिक्षकहरूलाई तीन दिने क्रियाकलापमा आधारित अध्ययन प्रणालीबारेमा तालिम प्रदान गरियो ।
- परियोजनाको कार्यक्षेत्रमा रहेका दलित, जनजाती, नटुवा, पथ्थरकट्टा तथा मुस्लिम समुदायका बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि प्राप्त निवेदनवाट १४०० बालबालिका (९१२ वालिका र ४८८ वालक) स्थानीयस्तरमा नै गठित ५ सदस्यीय बालसाझेदार व्यवस्थापन समितिमार्फत छनौट गरी यस परियोजनाको साझेदारका रूपमा समावेश गरेको छ । यो क्रम निरन्तर ९ वर्षसम्म चल्नेछ ।
- समुदायका मानिसहरूको (महिलाहरूको) जीविकोपार्जनका लागि र हक अधिकार सुनिश्चित गर्नका लागि आवश्यक पर्ने समूहहरू गठनपूर्व समुदायमा रहेका वस्तीस्तरमा गई सामाजिक रूपान्तरण र सशक्तिकरणका लागि सहजीकरण बिधि Facilitation for Empowerment and Social Transformation (FEST) द्वारा प्रत्येक वस्तीमा न्यूनतम ३ र अधिकतम् ८ ओटा वस्तीस्तरिय अभिमुखीकरण सम्पन्न गरियो ।

## समाज र आफ्नो रूपान्तरण सँगसँगै

यू.एम.एन.को परियोजना समुदाय परिवर्तनको लागि बालबालिका र किशोरकिशोरी जोडिएसँगै आफूभित्र पनि धेरै परिवर्तन आएको महसुस गरेको छ । परिबर्तनका लागि बालबालिका, युवा र समुदाय परियोजना (CYCC) अर्न्तगत मायादेवी गाउँपालिका ८ मा सामाजिक परिचालन गर्दै आईरहेका जग्गु कोहार विभिन्न विकासको परियोजना धेरै जिल्लाहरूमा लगभग दुई दशक जति लामो अनुभव बटुलिसकेका कपिलबस्तु नगरपालिका -१२ निवासी उनी कृषि प्राविधिक हुन् । कहिले पहाड त कहिले तराईका विभिन्न स्थान र फरक समुदायहरूमा आफ्नो प्राविधिक दक्षता मार्फत समुदायमा योगदान पुर्याउँदै आएका जग्गु कोहारलाई समुदाय परिवर्तनका लागि बालबालिका र युवा परियोजना आँफैमा एउटा फरक अनुभव हो ।

"शुरुमा यस परियोजनामार्फत मायादेवी गाउँपालिकामा कृषि प्राविधिक कै रूपमा सेवा गर्छु भन्ने लागेको थियो । तर जब परियोजना बुझ्दै गएँ, सँगसँगै समाज पनि बुझ्दै गएँ । एउटा कृषि प्राविधिकले बिरुवामा रोग र किरा लाग्नबाट जोगाउँदै थप मलजल गरेर कसरी बालीनाली उन्नत बनाउने र त्यसबाट बढी उत्पादन लिनेबारे सोंच्छ । समाज रुपान्तरण पनि त्यस्तै नै हुँदो रहेछ । समाजको समस्याहरू पनि  प्राविधिक रूपमा निराकरण गर्न सकिने रहेछ", उनले उत्साहित हुँदै सुनाए ।

कृषि प्राविधिक जग्गु कोहार सनसाइन सामाजिक बिकाश संस्थामा (CYCC) परियोजनाको परिचालक भएर बालबालिका र युवामार्फत समुदायमा रूपान्तरण ल्याउन अहोरात्र खटिदै गर्दा उक्त समाजको विशेष गरी अत्यन्त पिछडिएकोवर्गबारे अझ बुझ्ने मौका पाए । उनलाई



उक्त समाजका विभिन्न रूपले पछाडि परेका मानिसहरूमा शिक्षाको साथसाथै चेतनामा समेत कमि भएको कारण नै उनीहरू सामाजिक र आर्थिक रूपमा पनि पिछडिएको कुरा उनीहरूलाई नै बुझाउनु ठूलो चुनौती रहेको कुरा स्वीकार्छन ।

"केही मानिसहरू आफ्नो कुरा निर्धक्कसँग राख्न समेत सक्दैनन् । त्यति मात्र होइन, आफ्नो बालबच्चाको जन्मदर्ता गर्ने कुरा पनि बुझेका थिएनन् । विद्यालय जाने उमेरका वच्चाहरू घरमै हुन्थे । हाम्रो प्रयासले अलिकति मात्र भएपनि परिवर्तन आएको छ. । उनीहरू अलिअलि भएपनि बोल्न थालेकाछन् र बालबालिकाहरू विद्यालय जान थालेकाछन्", उनी आफ्नो अनुभव सुनाउँछन् ।

"CYCC सँगै मैले काम गर्ने समुदाय मात्र होइन आँफूमा पनि सकारात्मक रूपान्तरण हुँदैछ", उनले मुस्कुराउदै थपे ।

उहिले प्राविधिक भएको कारण मानिसहरूलाई आफ्नो प्राविधिक ज्ञान बढी सुनाउने जग्गु कोहार अहिले सामाजिक परिचालकको रूपमा मानिसहरूलाई बढी सुन्न थालेका छन् । उहिले प्राविधिक ज्ञान दिएपछी आफ्नो बाटो लाग्थे भने अहिले त्यही समाजमा  रूपान्तरण ल्याउन उनीहरू सँगै हिड्न थालेका छन् ।

# साझेदार संस्थाहरूको नाम तथा लक्षित समुदाय विवरण

| नाम | साझेदारी मिति | लक्षित गाउँपालिकाहरू | लाभान्वित संख्या | विषयगत क्षेत्र |
|---|---|---|---|---|
| दलित सामाजिक विकास केन्द्र | १ साउन २०७४ | यशोधरा | ३२०० | जीविकोपार्जन, वातावरण संरक्षण, शुसासन, शान्ति निर्माण, महिला सशक्तिकरण |
| सनसाईन सामाजिक विकास केन्द्र | १८ पौष २०७५ | मायादेवी | ६५७८ | शिक्षा, बालअधिकार |
| कपिलवस्तु संस्थागत विकास केन्द्र | १ साउन २०७४ | मायादेवी | ७५० | शुसासन, सामुदायिक स्वास्थ्य |

| विषयगत क्षेत्रहरू | जम्मा बजेट | जम्मा खर्च |
|---|---|---|
| दीगो जीविकोपार्जन | २,४५,५९,९०१ | १,७१,५७,१२१ |
| शिक्षा | १,८१,७२,६०० | १,३५,६८,८४४ |
| सुशासन | १,८०,३३,१०० | १,४५,३०,००३ |
| शान्ति प्रवर्द्धन | १,४५,२५,४५० | १,१४,०१,६३८ |
| क्षमता अभिवृद्धि | २९,६०,०२९ | २९,६०,०२९ |
| प्रशासनिक खर्च | ५८,९५,००१ | ४३,९८,५५१ |
| **जम्मा** | ८,४१,४६,०८१ | ६,४०,१६,१८६ |

| नाम | पद |
|---|---|
| रूपकुमार वि.क. | क्लष्टर टीम लीडर |
| मेलसन श्रेष्ठ | परियाजना व्यवस्थापक, जीविकोपार्जन |
| नवराज जोशी | परियोजना व्यवस्थापक, शिक्षा |
| कविता गुरुङ | कार्यक्रम अधिकृत, शान्ति निर्माण |
| पवन कुमार अधिकारी | परियोजना व्यवस्थापक (ट्रेनर), शिक्षा |
| खेमराज भण्डारी | परियोजना व्यवस्थापक, हाम्रो पहुँच |
| तारा बहादुर बि.क. | वरिष्ठ प्रशासन तथा वित्त अधिकृत |
| प्रकाश श्रेष्ठ | सवारी चालक |
| लक्ष्मी राई | कार्यालय सहायक |









कपिलवस्तु नगरपालिका-३, भिक्षु चोक, तौलिहवा, कपिलवस्तु, फोन नं.: ९७७ – ७१-५६०३४०, इमेल: kapilvastu@umn.org.np